०४४-५५०३७५

नेपाल सरकार

# बर्दिवास नगरपालिका कार्यालय

बर्दिवास, महोत्तरी

पत्र संख्या :०७२।०७३

च.नं १८२८ मिति : २०७२।१२।३

विषय:- लगत कट्टा सम्वन्धमा ।

श्री वडा सचिव सवै ।

उपर्युक्त सम्वन्धमा नगरपालिका क्षेत्र भित्र विभिन्न आयोजना तथा कार्यक्रम अन्तर्गत निर्माण गरिएका नयाँ सडकहरुको लगत कट्टा हुन नसक्दा विभिन्न समस्याहरु सिर्जना भएका छन । नागरितकहरु सडकमा पर्ने जग्गाको समेत कर तिर्न बाध्य छन् भने नगरपालिकालाई नक्सामा नभएको सडक क्षेत्राधिकार कायम गर्न, नक्सा पास गर्न तथा सडक चौडाईमा एकरुपता कायम गर्न कठिनाई हुने गरेको छ। यस्ता समस्याहरु निराकरणको लागि उपरोक्त बमोजिमका नयाँ सडकहरुको लगत कट्टा गरी नेपाल सरकारको नाममा दर्ता गर्न आवश्यक छ। तसर्थ जिल्ला विकास समितिबाट SNRTP, RRRSDP मा प्रयोग गरिएका कार्यविधिका अतिरिक्त तपसिल बमोजिमको कार्यविधि अवलम्वन गरी सडकमा पर्ने जग्गाको लगत कट्टा गर्न व्यवस्था मिलाउन हुन मिति २०७२।१०।२१ को नेपाल सरकार(सचिवस्तर) निर्णय अनुसार अनुरोध छ भनी श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौंको च.नं. ५-१-१५९ मिति २०७२।११।३ को पत्रबाट लेखी आएकोले लेखी आए बमाजिम गर्नु गराउन हुन जानकारीको लागि अनुरोध छ ।

तपसिल

१. नगरपालिकाले अव उप्रान्त सडक स्तरोन्नती गर्दा, सडकमा सोलार वत्ति जडान गर्दा सडकको लगत समेत कायम गर्ने पूर्व शर्त राख्ने ।
२. हरेक नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्रका सडकमा पर्ने लगत कट्टा नभएका जग्गाको Inventory तयार गर्ने ।
३. उक्त सडकको RoW तथा Setback तोकी मापदण्ड निर्धारण गर्ने र चिन्ह समेत लगाउने । यसरी RoW तथा Setback तोक्दा सडकको मापदण्ड सम्वन्धमा नेपाल सरकारबाट निर्धारण भएको मापदण्ड, जिल्ला यातायात गुरुयोजना, बस्ती विकास तथा भवन निर्माण मापदण्ड, २०७२ का मापदण्डहरुलाई आधार मानी निर्धारण गर्ने ।
४. सडक निर्माणका लागि सडकमा पर्ने जग्गा स्वेच्छिक दान दिन नगरवासीहरुलाई नगरपालिकाले अनुरोध गर्ने र जग्गादाताहरुकहाँ नगरपालिकाका कर्मचारीहरु जादा आवश्यक निवेदन ढाँचा समेत लिएर जाने ।
५. जग्गा प्राप्ती ऐन, २०३४ बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बैठक बसी संकलन भएका निवेदनहरुको आधारमा लगत कट्टा गर्नु पर्ने जग्गाको विवरण तयार गरी निर्णयका साथ मालपोत तथा नापी कार्यालयमा लेखी पठाउने ।
६. यसरी लेखी आएमा नापी कार्यालय र मालपोत कार्यालयले लगत कट्टा गरी नेपाल सरकारको नाममा लगत कायम गर्ने ।

बोधार्थ:-

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, महोत्तरी ।
श्री जिल्ला विकास समितिको कार्यालय, महोत्तरी ।
श्री सडक डिभिजन कार्यालय, मुजेलिया, जनकपुर ।
श्री बनेपा-सिन्धुली-बर्दिवास सडक योजना, थापाथली, काठमाडौं ।
श्री मालपोत कार्यालय, जलेश्वर, महोत्तरी ।
श्री मालपोत कार्यालय, बर्दिवास, महोत्तरी ।
श्री नापी कार्यालय, जलेश्वर, महोत्तरी ।
श्री नापी कार्यालय, बर्दिवास, महोत्तरी ।

०७२।१२।३
राम कुमार कार्की
कार्यकारी अधिकृत

०४४-५५०६७५

नेपाल सरकार

# बर्दिवास नगरपालिका कार्यालय

बर्दिवास, महोत्तरी

पत्र संख्या :०७२।०७३

च.नं :१६२८

मिति : २०७२।१२।३

विषयः- लगत कट्टा सम्वन्धमा ।

श्री नेपाली काग्रेस, नगर समिति, बर्दिवास ।
श्री ने.क.पा.(एमाले), नगर समिति, बर्दिवास ।
श्री ए.ने.क.पा.(माओवादी), नगर समिति, बर्दिवास ।
श्री राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल, नगर समिति, बर्दिवास ।
श्री ने.क.पा.(माओवादी क्रान्तीकारी), नगर समिति, बर्दिवास ।
श्री संघीय समाजवादी फोरम, नेपाल, नगर समिति, बर्दिवास ।
श्री तराई मधेश लोकतान्त्रिक पार्टी, नगर समिति, बर्दिवास ।
श्री राष्ट्रिय मधेश समाजवादी पार्टी, नगर समिति, बर्दिवास ।
श्री सदभावना पार्टी, नगर समिति, बर्दिवास ।
श्री नयाँ शक्ति, नेपाल, नगर समिति, बर्दिवास ।

उपर्युक्त सम्वन्धमा नगरपालिका क्षेत्र भित्र विभिन्न आयोजना तथा कार्यक्रम अन्तर्गत निर्माण गरिएका नयाँ सडकहरुको लगत कट्टा हुन नसक्दा विभिन्न समस्याहरु सिर्जना भएका छन । नागरितकहरु सडकमा पर्ने जग्गाको समेत कर तिर्न बाध्य छन् भने नगरपालिकालाई नक्सामा नभएको सडक क्षेत्राधिकार कायम गर्न, नक्सा पास गर्न तथा सडक चौडाईमा एकरुपता कायम गर्न कठिनाई हुने गरेको छ। यस्ता समस्याहरु निराकरणको लागि उपरोक्त बमोजिमका नयाँ सडकहरुको लगत कट्टा गरी नेपाल सरकारको नाममा दर्ता गर्न आवश्यक छ। तसर्थ जिल्ला विकास समितिबाट SNRTP, RRRSDP मा प्रयोग गरिएका कार्यविधिका अतिरिक्त तपसिल बमोजिमको कार्यविधि अवलम्वन गरी सडकमा पर्ने जग्गाको लगत कट्टा गर्न व्यवस्था मिलाउन हुन मिति २०७२।१०।२१ को नेपाल सरकार(सचिवस्तर) निर्णय अनुसार अनुरोध छ भनी श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौंको च.नं. ५-१-१५९ मिति २०७२।११।३ को पत्रबाट लेखी आएकोले लेखी आए ब्रमोजिम गर्न गराउने कार्यमा आवश्यक सहयोगका लागि अनरोध छ ।

तपसिल

१. नगरपालिकाले अव उप्रान्त सडक स्तरोन्नती गर्दा, सडकमा सोलार वत्ति जडान गर्दा सडकको लगत समेत कायम गर्ने पूर्व शर्त राख्ने ।
२. हरेक नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्रका सडकमा पर्ने लगत कट्टा नभएका जग्गाको Inventory तयार गर्ने ।
३. उक्त सडकको RoW तथा Setback तोकी मापदण्ड निर्धारण गर्ने र चिन्ह समेत लगाउने । यसरी RoW तथा Setback तोक्दा सडकको मापदण्ड सम्वन्धमा नेपाल सरकारबाट निर्धारण भएको मापदण्ड, जिल्ला यातायात गुरुयोजना, बस्ती विकास तथा भवन निर्माण मापदण्ड, २०७२ का मापदण्डहरुलाई आधार मानी निर्धारण गर्ने ।
४. सडक निर्माणका लागि सडकमा पर्ने जग्गा स्वेच्छिक दान दिन नगरवासीहरुलाई नगरपालिकाले अनुरोध गर्ने र जग्गादाताहरुकहाँ नगरपालिकाका कर्मचारीहरु जादा आवश्यक निवेदन ढाँचा समेत लिएर जाने ।
५. जग्गा प्राप्ती ऐन, २०३४ बमोजिमं प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बैठक बसी संकलन भएका निवेदनहरुको आधारमा लगत कट्टा गर्नु पर्ने जग्गाको विवरण तयार गरी निर्णयका साथ मालपोत तथा नापी कार्यालयमा लेखी पठाउने ।
६. यसरी लेखी आएमा नापी कार्यालय र मालपोत कार्यालयले लगत कट्टा गरी नेपाल सरकारको नाममा लगत कायम गर्ने ।

बोधार्थः-

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री एकिकृत सेवा केन्द्र, बर्दिवास, महोत्तरी ।

२०७२।१२।३

राम कुमार कार्की
कार्यकारी अधिकृत